अनुसुचि-१६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री फेनापती सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा.-१०, बैदी, बर्दिया

प.स. ०७२।८३
च.नं. ३२

मिति: २०८२/१२/२४

विषयः काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना ।

लट नं. १ र २ (२०८२/०८३)

<u>पहिलो पटक सुचना प्रकाशन मिति २०८२।१२।२४</u>

श्री फेनापती सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ/दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/१२/२४ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस फेनापती सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बारबर्दिया न.पा. वडा नं. १० बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

१.वन पैदावारको बिवरण:-

| लट नं. | वन पंदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्यूनतम मुल्य रु. | | मूल्यांकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि. | दाउरा चट्टा | काठ मूल्य रु. | दाउरा मूल्य रु. | |
| १ | कुसुम | ३ | N | १५७।२२ | ०।३९ | १०० | ४००० | १५७२२ | १५६० | काठ दाउरा संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| | डुम्री | १ | N | ७।८७ | ०।०६ | १०० | ४००० | ७८७ | २४० | |
| | पिपल | ४ | N | ५६२।२६ | १।३९ | १०० | ४००० | ५६२२६ | ५५६० | |
| | बाँझी | १ | N | ३५।७८ | ०।१३ | १०० | ४००० | ३५७८ | ५२० | |
| | वर | १ | N | १९९।३० | ०।४३ | १०० | ४००० | १९९३० | १७२० | |
| जम्मा | | १० | | ९६२।४३ | २।४० | | | ९६२४३ | ९६०० | |
| २ | अन्य | ४ | N | ३९९।३१ | १।६० | १०० | ४००० | ३९९३१ | ६४०० | |
| | अमला | १ | N | १२०।४४ | ०।२६ | १०० | ४००० | १२०४४ | १०४० | |
| | दवदवे | २ | N | ४९।६१ | ०।०९ | १०० | ४००० | ४९६१ | ३६० | |
| | पर्सा | २ | N | २८।०५ | ०।११ | १०० | ४००० | २८०५ | ४४० | |
| जम्मा | | ९ | | ५९७।४१ | २।०६ | | | ५९७४१ | ८२४० | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८३।०१।१५ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको नेपाल बैंक,लिमिटेड गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. २४०००१००८१३६९८००००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको लट नं १ को रु.१०००/-, र लट नं २ को रु ३००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र फेनापती सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

अध्यक्ष

अनुसुचि १६
(दफा ३३ को उपदफा (१) सँग सम्बन्धित)

# श्री फेनापती सामुदायिक वन उपभोक्ता समूह

**बारबर्दिया न.पा. १०, बेदी, बर्दिया**

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्वी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०१।१५ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेखुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

अध्यक्ष

# सबै मन्त्रालयले बुझाए सुधारका कार्ययोजना



**काठमाडौं /मस-** सरकारका सबै मन्त्रालय र मातहतका निकायले सात दिनभित्रै प्रमुख १० वटा मुख्य सुधारका क्रियाकलापको कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएका छन् ।

मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नम्बर २ अन्तर्गत विभिन्न मन्त्रालय र मातहतका निकायले आफूले सम्पादन गर्ने १० वटा मुख्य सुधारका करिब तीन सय वढी क्रियाकलापको कार्ययोजना समय सीमासहित बुझाएका हुन् ।

प्रधानमन्त्री बालेन्द्र शाहको प्रेसविज्ञ दीपा दाहालका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको प्रधानमन्त्री कार्यसम्पादन एकाइ 'पीएम डेलिभरी युनिट'ले यी कार्ययोजनाको कार्यसम्पादन 'ट्र्याकिङ' गर्नेछ । यस एकाइले राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाहरूको लागि मुख्य कार्यसम्पादन सूचक, मन्त्रालयगत कार्यसम्पादन ट्र्याकिङसँगै समस्या तथा अवरोध समाधान सयन्त्रसहितको केन्द्रीय 'ड्यासबोर्ड' सञ्चालन गर्नेछ ।

विभिन्न मन्त्रालय र निकायहरूले १५ दिनदेखि एक वर्षसम्मको समयसीमा तोकी कार्ययोजना तय गरेका छन् । उक्त कार्ययोजनाको मासिक प्रगति प्रतिवेदन हरेक महिनाको ७ गतेभित्र प्रधानमन्त्री कार्यालयमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ । प्रधानमन्त्री कार्यालयले नियमित अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक रिपोर्टिङ गर्ने जनाएको छ । सबै मन्त्रालयसहित राष्ट्रिय योजना आयोग, लगानी बोर्ड र स्वयं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतले आफ्नो कार्ययोजना पेस गरिसकेका छन् ।

**के हो कार्ययोजना ?**

सरकारले नतिजामा आधारित शासकीय सुधार प्रबन्ध लागू गर्ने लक्ष्यअनुसार प्रत्येक मन्त्रालयले आफ्ना प्रमुख १० कार्ययोजना, समय सीमा, जिम्मेवार अधिकारी र प्रमुख कार्यसम्पादन सूचकसहित तयार गर्नुपर्ने व्यवस्था गरेको हो ।

सरकारको मूल उद्देश्य कार्यसम्पादनलाई नतिजामुखी, मापनयोग्य र जवाफदेही बनाउँदै नागरिक जीवनमा प्रत्यक्ष सुधार ल्याउनु रहेको प्रधानमन्त्रीका प्रेसविज्ञ दीपा दाहालले बताइन् । झन्डै तीन सयभन्दा बढी प्रमुख कार्यमध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत प्रणाली स्तरोन्नति, आन्तरिक नियन्त्रण, भ्रष्टाचारविरुद्धको रणनीति, सदाचार नीति, गुनासो फछ्र्यौट, सम्पत्ति शुद्धीकरण ट्र्याकिङ, सार्वजनिक खरिद ऐन संशोधन, करदाता सेवा विस्तार, राष्ट्रिय तथ्याङ्क अनलाइन उपलब्धता र राहदानी ऐन संशोधनलगायत कार्यहरू समावेश छन् । प्रधानमन्त्री कार्यालयले तोकिएको समयभित्र लक्ष्य पूरा नगर्ने अधिकारीहरू जवाफदेही हुने जनाएको छ ।

# निजी मिडियामा सरकारी विज्ञापन रोक्ने निर्णयविरुद्ध सर्वोच्चमा रिट

**काठमाडौं /मस-** सरकारले सरकारी विज्ञापन तथा सूचना निजी सञ्चारमाध्यममा नदिने निर्णय गरेपछि त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरिएको छ । नेपाल मिडिया सोसाइटीको तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सोमबार सर्वोच्च अदालतमा रिट दायर गरेका हुन् । राष्ट्रिय दैनिकसहित प्रमुख सञ्चारमाध्यमका प्रकाशकहरूको संस्था रहेको सोसाइटीले उक्त निर्णय संविधानविपरीत भएको दाबी गर्दै अदालत गएको हो । रिटको प्रारम्भिक सुनुवाइ मंगलबारका लागि तोकिएको छ ।

रिटमा सरकारी निर्णयले संविधानले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रता कमजोर बनाउने उद्देश्य राखेको आरोप लगाइएको छ। अधिवक्ता लुइँटेलका अनुसार यस्तो निर्णयले स्वतन्त्र



सञ्चारमाध्यमको अस्तित्वमै असर पार्ने खतरा रहेको उल्लेख गरिएको छ। गत चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सचिवस्तरीय निर्णयमार्फत सरकारी विज्ञापन तथा सूचना प्रकाशन-प्रसारणका लागि नयाँ व्यवस्था लागू गरेको थियो ।

उक्त निर्णयअनुसार संघ, प्रदेश र स्थानीय तहसहित सार्वजनिक कोष प्रयोग गर्ने सबै निकायले आफ्ना सूचना र विज्ञापन सरकारी स्वामित्वका सञ्चारमाध्यम गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजनमार्फत मात्र प्रकाशन तथा प्रसारण गर्नुपर्ने व्यवस्था गरिएको थियो । यसबारे सम्बन्धित सबै निकायमा परिपत्रसमेत जारी गरिएको थियो । मिडिया सोसाइटीले उक्त निर्णयलाई गैरकानुनी, संविधानविपरीत र चौथो अंगमाथि प्रत्यक्ष हस्तक्षेपको प्रयास भएको ठहर गर्दै रिट दायर गरेको हो ।

रिटमा सञ्चार क्षेत्रमाथि दबाब सिर्जना भएको र यसले स्वतन्त्र पत्रकारितालाई आतंकित बनाएको उल्लेख गरिएको छ । निवेदनमा सरकारको निर्णय र परिपत्र संविधानको धारा १३३ (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गर्न माग गरिएको छ । साथै अभिव्यक्ति स्वतन्त्रतालाई सीमित पार्ने कुनै पनि कदम नगर्न/नगराउन प्रतिषेध मिश्रित परमादेश जारी गर्न माग गरिएको छ ।

## बारागढीको हिउँदे अधिवेशन

# संशोधनसहित नीति तथा कार्यक्रम प्रस्तुत

**कृष्ण तिवारी /मध्यान्ह**
बारा, २३ चैत



बाराको बारागढी गाउँपालिकाको हिउँदे गाउँसभा सम्पन्न भएको छ । आर्थिक वर्ष ०८२/८३ का लागि संशोधनसहितको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै आगामी विकासका योजना सार्वजनिक गरेको हो । गाउँसभामा गाउँपालिका अध्यक्ष अशोक जयसवाल, लक्ष्मीदेवी राय, प्रमुख प्रशासकीय अधिकृत मुकेश मिश्र, वडाध्यक्षहरू कार्यपालिका सदस्य, र शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो ।

सभामा शिक्षा, स्वास्थ्य, कृषि, सडक पूर्वाधार, खानेपानी र युवा स्वरोजगारलाई प्राथमिकता दिइएको गाउँ पालिका अध्यक्ष जयसवालले जानकारी दिए । उनले बारागढी लाई समृद्ध पालिकाको रूपमा विकास गर्न स्थानीय सरकार प्रतिबद्धताअनुरूप योजनाहरू तर्जुमा गरिएको बताए ।

अध्यक्ष जयसवालले पालिकावासीसँगको सहकार्य र सहभागिताको माध्यमबाट विकासका कार्यलाई तीव्रता दिने बताएका छन् । सभाले जलवायु परिवर्तन र वातावरण संरक्षणलाई ध्यानमा राखी हरियाली प्रवर्धनका कार्यक्रमहरू लागू गर्ने निर्णय गरेको छ । गाउँसभामा विगतका योजनाहरूको प्रगति विवरण प्रस्तुत गर्दै कार्यान्वयनमा भएका चुनौतीहरूको समाधान गर्न नयाँ रणनीतिहरू अघि सारिएको बताउँदै पालिकाले आगामी वर्षमा विकास र सेवामा अझ प्रभावकारी हुने योजना तयार पारिएको जनाए । सभाले बारागढीको प्रमुख समस्याहरू समाधान गर्न ठोस योजना लागू गर्ने निर्णय गर्दै गाउँ पालिकावासीलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरूमा बारागढी गाउँपालिकाले प्राथमिकता दिने हिउँदे नगर अधिवेशनमा पारित गरिएको छ ।

# सञ्चारमन्त्रीलाई पत्रकार महासंघको ज्ञापनपत्र

## निजी मिडियामा सरकारी विज्ञापन रोक्ने निर्णय फिर्ता लिन माग

**काठमाडौं /मस-** नेपाल पत्रकार महासंघले सरकारी सूचना प्रकाशन तथा प्रसारणलाई सरकारी सञ्चारमाध्यममै सीमित गर्ने निर्णय तत्काल खारेज गर्न सरकारसँग माग गरेको छ । महासंघको प्रतिनिधिमण्डलले सोमबार सञ्चार तथा सूचना प्रविधिमन्त्री विक्रम तिमिल्सिनालाई भेटेर उक्त निर्णयले निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने र स्वतन्त्र पत्रकारितामाथि अप्रत्यक्ष दबाब सिर्जना गर्ने भन्दै गम्भीर ध्यानाकर्षण गराएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट चैत १८ गते जारी परिपत्रमार्फत संघीय मन्त्रालय, आयोग, सचिवालय तथा प्रदेश र स्थानीय तहहरूलाई सरकारी सूचना सरकारी सञ्चारमाध्यममार्फत मात्र प्रकाशन-प्रसारण गर्न निर्देशन दिइएको थियो । महासंघले उक्त निर्णयले सञ्चार क्षेत्रको सन्तुलन बिगार्ने र निजी तथा सामुदायिक मिडियाको अस्तित्वमाथि नै प्रश्न उठाउने जनाएको छ ।



महासंघ अध्यक्ष निर्मला शर्माको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले बुझाएको ज्ञापनपत्रमा निर्णय तत्काल खारेज नगरे आन्दोलनमा उत्रिने चेतावनी दिइएको छ । ज्ञापनपत्रमा सरकारी नीतिले प्रेस स्वतन्त्रतामा अप्रत्यक्ष नियन्त्रणको जोखिम बढाउने उल्लेख गरिएको महासंघका महासचिव रामप्रसाद दाहालले जानकारी दिए । महासंघका अनुसार देशभर सञ्चालनमा रहेका चार सयभन्दा बढी रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा अनलाइन सञ्चारमाध्यमहरू यस निर्णयबाट प्रत्यक्ष प्रभावित हुनेछन् । आर्थिक स्रोत खुम्चिँदा धेरै सञ्चार संस्था बन्द हुने जोखिम बढ्ने र हजारौं श्रमजीवी पत्रकार तथा सञ्चारकर्मीको रोजगारी संकटमा पर्ने चेतावनी महासंघले दिएको छ ।

त्यस्तै, सरकारी सूचना सीमित माध्यममा मात्र केन्द्रित हुँदा नागरिकको सूचनामा पहुँच असन्तुलित हुने, स्थानीय तहसम्म सूचना प्रवाह कमजोर हुने तथा खुला अर्थतन्त्र र प्रतिस्पर्धात्मक प्रणालीविपरीत वातावरण सिर्जना हुने महासंघको भनाइ छ ।

महासंघले सरकारसँग चार बुँदे माग अघि सारेको छ। जसमा उक्त परिपत्र तत्काल खारेज गर्ने, सरकारी विज्ञापन वितरणलाई पारदर्शी र समानुपातिक बनाउने, संकटग्रस्त सञ्चार क्षेत्रलाई संरक्षण गर्ने दीर्घकालीन नीति ल्याउने तथा सञ्चारसम्बन्धी नीतिगत निर्णय गर्दा सरोकारवाला संस्थासँग अनिवार्य परामर्श गर्ने व्यवस्था मिलाउने समावेश छन् । उक्त ज्ञापनपत्र बुझ्दै सञ्चारमन्त्री तिमिल्सिनाले महासंघको चासोलाई सकारात्मक रूपमा लिएको बताएका छन् । उनले सञ्चार क्षेत्रको सम्वर्धन र विकासका लागि सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै सञ्चारमाध्यमलाई निराश हुन नदिने स्पष्ट पारे ।

प्रतिनिधिमण्डलमा महासंघका उपाध्यक्ष दीपक आचार्य, नितु पण्डित र उमिदप्रसाद बागचन्द, सचिव रमेश खतिवडा र सोनी शर्मा, कोषाध्यक्ष रामकृष्ण अधिकारीलगायत पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको सहभागिता रहेको थियो ।

# पोखरिया मालपोतबाट १३ करोडभन्दा बढी राजस्व

**लालबाबु बानिया /मध्यान्ह**
पर्सा, २३ चैत




पर्साको पोखरिया नगरपालिकामा सञ्चालनमा रहेको मालपोत कार्यालयबाट हालसम्म १३ करोड ४५ लाखभन्दा बढी राजस्व सकलन भएको छ । मालपोत कार्यालय पोखरियाका प्रमुख रामजी साहका अनुसार २०८१ चैत १५ गतेदेखि सेवा सुरु भएको कार्यालयले एकद्वार प्रणालीमार्फत सेवा प्रवाह गर्दै आएको छ । कार्यालयले सुरुवाती अवधिदेखि २०८२ असारसम्म विभिन्न शीर्षक जस्तै रजिस्ट्रेसन, मुद्दा फाँटलगायतबाट ३ करोड ९९ लाख ४४ हजार १६० रुपैयाँ राजस्व सकलन गरेको थियो । त्यस्तै चालु आर्थिक वर्ष २०८२/८३ मा ९ करोड ४५ लाख ६५ हजार ९ सय ९५ रुपैयाँ सकलन भएसँगै कुल राजस्व १३ करोड ४५ लाख १० हजार १ सय ५५ रुपैयाँ पुगेको प्रमुख साहले जानकारी दिए ।

उनका अनुसार कार्यालयमा नगद कारोबार पूर्ण रूपमा बन्द गरिएको छ । सेवाग्राहीले तिर्नुपर्ने सम्पूर्ण राजस्व राष्ट्रिय वाणिज्य बैंकको राजस्व खातामा जम्मा गरी भौचर पेस गर्नुपर्ने व्यवस्था छ । एक रुपैयाँ कम भए पनि प्रणालीले स्वीकार नगर्ने भएकाले सबै कारोबार पारदर्शी र त्रुटिरहित रहेको जनाइएको छ ।

साथै, सबै विवरण अनलाइन प्रणाली र रेकर्डमा सुरक्षित राखिने हुँदा राजस्वसम्बन्धी काम पारदर्शी ढंगले भइरहेको कार्यालयले जनाएको छ ।

यसअघि मालपोत सेवा लिन सेवाग्राहीहरू वीरगन्ज जानुपर्ने बाध्यता थियो, जसले गर्दा समय र खर्च दुवै बढ्ने गरेको थियो । तर पोखरियामै कार्यालय सञ्चालनमा आएपछि सेवा सहज र छिटो भएको सेवाग्राहीहरूको भनाइ छ ।

धोबिनी गाउँपालिका-४ का लालबाबु जिमदारले अहिले घर नजिकैबाटै कम खर्चमा सहज रूपमा सेवा लिन पाउँदा सन्तुष्टि व्यक्त गरे । त्यस्तै, पोखरियाका जितेन्द्र पटेलले पनि बैंकमा राजस्व जम्मा गरी भौचर पेस गरेपछि सहज रूपमा काम सम्पन्न हुने व्यवस्था प्रभावकारी रहेको बताए । हाल उक्त कार्यालयबाट धोबिनी गाउँपालिका, बिन्दबासिनी गाउँपालिका, छिपहरमाई गाउँपालिका, कालिकामाई गाउँपालिका, पकहामैनपुर गाउँपालिका र जगरनाथपुर गाउँपालिका सहित सात स्थानीय तहका हजारौं सेवाग्राही लाभान्वित भएका छन् ।

# प्युठानमा सडकआश्रित मानवमुक्त सहर अभियान

**मधुसुदन भण्डारी /मध्यान्ह**
प्युठान, २३ चैत



प्युठान नगरपालिकाले मानव सेवा आश्रमसँगको सहकार्यमा सडक आश्रित तथा सहयोगापेक्षी नागरिकमुक्त सहर निर्माण गर्ने अभियानलाई तीव्रता दिएको छ ।

नगरपालिकाले आश्रमसँग समन्वय गर्दै सडकमै जीवनयापन गर्न बाध्य व्यक्तिहरूको उद्धार, संरक्षण र पुनर्स्थापनालाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन थालेको हो ।

नगर उपप्रमुख देवेन्द्र वर्माले आश्रमसँगको सहकार्यमा भएको छलफल र प्रतिबद्धतापछि अभियानलाई प्रभावकारी रूपमा अघि बढाइएको जानकारी दिए । उनले सडकमै बस्न र खान बाध्य अवस्थाबाट नागरिकलाई मुक्त गराई सम्मानजनक जीवनतर्फ रूपान्तरण गर्नु अभियानको मुख्य उद्देश्य रहेको बताए ।

यसैक्रममा नगरपालिका र मानव सेवा आश्रमको संयुक्त टोलीले जुम्री, बिजुवार र बाग्दुला पुल्चोक क्षेत्रमा स्थलगत अवलोकन गरेको छ । अवलोकनका क्रममा सडकमै बस्दै आएका केही मनोरोगी युवा तथा मागीखाने पेसामा निर्भर व्यक्तिहरूको पहिचान गरिएको जनाइएको छ ।

पहिचान भएका अति समस्याग्रस्त व्यक्तिहरूलाई स्थानीयको समन्वयमा उद्धार गरी मानव सेवा आश्रममा राखिनेछ । उनीहरूको अवस्थाअनुसार आवश्यक स्वास्थ्य उपचार, संरक्षण, परामर्श तथा पुनःस्थापनाका कार्यक्रमहरू चरणबद्ध रूपमा सञ्चालन गरिने नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले अभियानलाई प्रभावकारी र दिगो बनाउन सरोकारवाला निकाय, संघसंस्था तथा स्थानीयको सक्रिय सहयोग आवश्यक रहने उल्लेख गरेको छ ।

**काठ बिक्री वितरण सम्बन्धिको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/१२/२४

यस गतिशील सा.व.उ.स. उदयपुरगढी गा.पा.५ उदयपुरको आर्थिक वर्ष २०८१/०८२ मा संकलन भै घाटगद्दी गरिएको लट नं.१ को विभिन्न ग्रेड समूहको साल जातको थान ४९ को ३६९.४५ क्यु फिट काठ र २०×५×४ को एक चट्टा दाउरा समूह बाहिर बिक्री वितरण गर्नुपर्ने भएकोले यो २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धि विस्तृत जानकारीका लागि सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**गतिशील सामुदायिक वन उपभोक्ता समूह, उदयपुरगढी गा.पा.५, उदयपुर**

**काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

पहिलो पटक प्रकाशन मिति २०८२/१२/२४

यस फेनापनी सामुदायिक वन उपभोक्ता समूह बारबर्दिया न.पा. १० [illegible] सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातीको काठ १५३९.८४ क्यु.फि. र दाउरा ४.७५ चट्टा अनुमानित लगत बमोजिम प्रति इकाई दररेटमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग सञ्चालन गर्ने अनुमति प्राप्त गरि सञ्चालनमा रहेका उद्योगहरूलाई यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहमा सम्पर्क राख्न हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री फेनापनी सामुदायिक वन उपभोक्ता समूह,**
**बारबर्दिया न.पा. १० बेदी, बर्दिया ।**

**काठ बिक्रि वितरण सम्बन्धिको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८२/१२/२४

यस बसन्त महिला सा.व.उ.स. कटारी न.पा. ७ उदयपुरको आर्थिक वर्ष २०८१/०८२ मा संकलन भै घाटगद्दी गरिएको लट नं.२ को विभिन्न ग्रेड समूहको साल जातको थान ३८ को २३९.९९ क्यु फिट काठ समूह बाहिर बिक्री वितरण गर्नुपर्ने भएकोले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**बसन्त महिला सामुदायिक वन उपभोक्ता समूह कटारी न.पा.-७, कटारी**

**काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी २१ दिने सूचना**

पहिलो पटक प्रकाशित मिति २०८२/१२/२४ गते

कैलाली जिल्लाको मोहन्याल गाउँपालिका वडा १ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको सल्लो ५२ थान गोलिया ५०२२.२१ क्यूफिट, साल २२५ थान १८४३.४३ क्यूफिट गोलिया, जम्मा २७७ थान गोलिया २८६५.६४ क्यु फिट काठ दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री मालिका सामुदायिक वन उपभोक्ता समूह, मोहन्याल गाउँपालिका वडा १ चोरेलेको सुर्कैत**

# Rapti Sonari Rural Municipality

## Office of the Rural Municipal Executive

Agaiya, Banke

## Invitation for Bids for the following works

**Date of Publication:- 2082/12/24 (7th April, 2026)**

1. Office of Rapti Sonari Rural Municipality, Banke invites bids from Nepalese eligible bidders for the procurement of Following Work.

| S. N. | Contract ID Number | Description of Works | Estimated Amount, NRS (Excluding VAT, Contingency and PS) | Bid Security (NRs.) | Fee for Bidding Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | RSRM/GOODS/ 2082-2083/05 | Procurement of Motors & Irrigation Pipe, Rapti Sonari-01, Banke. | 986610.90 | 34000 | 1000 | 2nd Notice |
| 2 | RSRM/GOODS/ 2082-2083/06 | Procurement of Supply and Delivery of Agricultural Equipments and Machinery Items at Rapti Sonari Rural Municipality. | Unit Rate | 170000 | 1000 | 1st Notice |
| 3 | RSRM/GOODS/ 2082-2083/07 | Procurement of Portable Colour Dopler Ultrasound Machine with Two Probes. | 1592920.35 | 54000 | 1000 | 1st Notice |

2. Bid must be submitted to the office by electronic bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00 PM on 2083/01/09(22nd April, 2026). Bid shall be opened on the same date at 1:00 PM. Eligible bidders may obtain further information from Rapti Sonari RM office and email: info@raptisonarimun.gov.np or visit PPMO web site www.bolpatra.gov.np/egp.
3. Bid Validity period is 45 days from the date of bid opening and Bid security validity period is 75 days from the date of bid opening.
4. Bidders should deposit the cost of bidding document in the project's account as specified below:

| Bank Name | Revenue Account | Dharauti Account | Rajashwo Sirshak No. |
|---|---|---|---|
| Himalayan Bank Limited, Rapti Sonari Branch | 12007540510016 (For Bid Fee) | 12007540510113 (For Bid Security) | 14249 |